आ.व. २०८३/०८४ को छात्रवृत्ति सम्बन्धी सूचना।

प्रस्तुत विषयमा चालु आ.व.२०८३/०८४ मा कर्णाली प्रदेश, सामाजिक विकास मन्त्रालय, सामाजिक विकास कार्यालय, दैलेखको वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत जिल्लास्तरीय छात्रवृत्ति वितरणको लागि एकिकृत छात्रवृति वितरण तथा व्यवस्थापन कार्यविधि, २०८१ बमोजिमका आधारहरु पूरा भएका विद्यार्थीले मिति २०८३/०८/०१ देखि मिति २०८३/०८/२१ गतेसम्म सामाजिक विकास कार्यालय दैलेखको सामाजिक सञ्जाल र वेवसाईड sdodailekh.karnali.gov.np मा राखिएको छात्रवृत्ति आवेदन फाराम डाउनलोड गरी रितपूर्वक फाराम भरी तोकिएको मिति भित्र निम्ननुसार आवश्यक कागजात सहित यस कार्यालयमा आवेदन दिनुहुन सम्वन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल :

दैलेख जिल्लामा स्थायी बसोबास भई नेपालभित्रका शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीलाई यस छात्रवृत्तिको लागि आवेदकले देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

क्र.स.	छात्रवृत्तिको प्रकार	योग्यता	कोटा	रकम प्रति व्यक्ति	कैफियत
१.	प्राविधिक छोरी बुहारी छात्रवृत्ति	३ वर्षे प्रवीणता /प्रमाणपत्र वा सो सरह (स्वास्थ्य, कृषि, पशुविज्ञान, वनविज्ञान, इन्जिनियरिङ र सूचना प्रविधि)	२०जना	रु ५०,०००/-	
२.	उच्च शिक्षा दलित छात्रवृति	स्नातक र स्नातकोत्तर तह	१०जना	रु २४,०००/-	
३.	उच्च शिक्षा अपाङ्ग छात्रवृति	स्नातक र स्नातकोत्तर तह	५जना	रु २४,०००/-	

छात्रवृत्ति प्राप्त गर्ने आधारहरु

१. प्राविधिक छोरी बुहारी छात्रवृत्तितर्फ

यस छात्रवृत्तिको लागि आवेदकले देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि। नागरिकता प्राप्त गर्न उमेर नपुगेका विद्यार्थीको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि।
- सम्वन्धित स्थानीय तहको स्थायी ठेगाना प्रमाणित कागजात।
- वुहारीको हकमा विवाह दर्ताको प्रमाणपत्रको प्रतिलिपि।
- द्वन्द्वपीडित एकल महिलाको हकमा द्वन्द्वपिडितको भएको प्रमाणित हुने प्रमाणपत्रको प्रतिलिपि।
- एकल महिलाको हकमा निजको पतिको मृत्युदर्ताको प्रमाणपत्रको प्रतिलिपि।
- मान्यता प्राप्त सार्वजनिक/सामुदायिक शिक्षण संस्थाबाट एस्.ई.ई./एस्.एल.सी. परीक्षा उतीर्ण भएको प्रमाणपत्रको प्रतिलिपि।
- हाल नियमित रुपमा अध्ययनरत रहेको शिक्षण शुल्क बुझाएको भनि अध्ययनरत शैक्षिक संस्थाले गरेको सिफारिस पत्र, विलको प्रतिलिपि र हाल कुनै पनि निकायबाट छात्रवृत्ति प्राप्त नभएको भनि अध्ययनरत संस्थाको सिफारिस पत्र।
- अपाङ्गता भएमा सम्वन्धित निकायको अपाङ्गता परिचय पत्रको प्रतिलिपि।

कार्यालय प्रमुख

CamScanner

- दलितको हकमा नेपाल सरकारबाट सूचिकृत भएकोमा सोही बमोजिम हुनेछ सूचिकृत नभएको हकमा जिल्ला प्रशासन कार्यालयबाट दलित भएको प्रमाणित सिफारिस पत्र।
- आमाबुवा नभएमा निजको मृत्यु दर्ताको प्रतिलिपि।

२. <u>उच्च शिक्षा दलित छात्रवृतितर्फ</u>

यस छात्रवृत्तिको लागि आवेदकले देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
- नेपाल सरकारबाट सूचिकृत भएकोमा सोही बमोजिम हुनेछ सुचिकृत नभएको हकमा जिल्ला प्रशासन कार्यालयबाट दलित भएको प्रमाणित सिफारिस पत्र।
- सम्बन्धित स्थानीय तहको स्थायी ठेगाना प्रमाणित कागजात।
- हाल नियमित रुपमा अध्ययनरत रहेको शिक्षण शुल्क वुझाएको भनि अध्ययनरत शैक्षिक संस्थाले गरेको सिफारिस पत्र र विलको प्रतिलिपि।
- मान्यता प्राप्त सार्वजनिक, सरकारी वा सामुदायिक शिक्षण संस्थामा उच्च शिक्षा अध्ययनरत भइरहेको अध्ययनरत तहभन्दा तल्लो तहको शैक्षिक संस्थाको प्रमाणपत्र।
- मान्यता प्राप्त सार्वजनिक, सरकारी वा सामुदायिक शिक्षण संस्थामा उच्च शिक्षा अध्ययनरत भइरहेको सिफारिस पत्र।

३. <u>उच्च शिक्षा अपाङ्ग छात्रवृति</u>

यस छात्रवृत्तिको लागि आवेदकले देहाय बमो जिमका कागजातहरु पेश गर्नु पर्नेछ

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- सम्बन्धित निकायको अपाङ्गता प्रमाणपत्रको प्रतिलिपि।
- सम्बन्धित स्थानिय तहको स्थायी ठेगाना प्रमाणित कागजात सिफारिस पत्र।
- हाल नियमित रुपमा अध्ययनरत रहेको शिक्षण शुल्क / टयुशन शुल्क बुझाएको भनि अध्ययनरत शैक्षिक संस्थाले गरेको सिफारिस पत्र।
- मान्यता प्राप्त सार्वजनिक, सरकारी वा सामुदायिक शिक्षण संस्थामा उच्च शिक्षा अध्ययनरत भइरहेको शैक्षिक संस्थाको सिफारिस पत्र।
- अध्ययनरत तहभन्दा तल्लो तहको शैक्षिक संस्थाको प्रमाणपत्र।

<u>छात्रवृति प्रदान नगरिने अवस्था</u>

- छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी कुनै प्रकारको स्थायी, अस्थायी वा करार सेवामा कार्यरत भएमा।
- नियमित रुपमा शैक्षिक संस्थामा उपस्थित भई पठनपाठनमा समावेश नभएमा।
- अन्य निकायबाट नियमित रुपमा छात्रवृत्ति पाइरहेको प्रमाणित भएमा।
- अध्ययनरत तहमा एक पटक छात्रवृत्ति प्राप्त गरिसकेको भएमा।
- एक विद्यार्थीले एक जिल्लामा एक भन्दा बढी किसिमको छात्रवृतिमा आवेदन पेश गरेको प्रमाणित भएमा।
- गलत तथा झुट्टा विवरण भरी पेश गरेको प्रमाणित भएमा ।

<u>आवेदनले ध्यान दिनुपर्ने विषयहरु</u>

- छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुले आवश्यक शैक्षिक प्रमाणपत्र वा कागजातहरुको प्रमाणित प्रतिलिपि तथा यस कार्यालयले उपलब्ध गराएको आवेदन फाराम भरी तोकिएको मिति भित्र पेश गर्नु पर्नेछ ।
- दोस्रो र तेस्रो वर्षमा अध्ययनरत रहेका छात्रछात्राहरुले अघिल्लो वर्षको मार्कसिट समेत पेश गर्नुपर्ने ।
- आवेदन स्वयमको व्यक्तिगत खाताको चेकको प्रतिलिपि अनिवार्य संलग्न राख्नुपर्नेछ ।

थप जानकारिका लागि सामाजिक विकास कार्यालय, दैलेख फोन नं. ०८९५९००४३/९८६८५२२४८७ मा कार्यालय समयभित्रमा सम्पर्क राखुहुन जानकारी गराइन्छ।

कार्यालय प्रमुख